# केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**केराबारी मोरङ, कोशी प्रदेश, नेपाल**

## ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E–BID ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना ।

**प्रथम पटक प्रकाशित मितिः२०८०।०६।०६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ 'क' को उपदफा (१)तथा सोहि ऐनको दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेक ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा र भरौटको उत्खनन् संकलन तथा विक्री मुल्य असुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकीएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र तथा आ.व. २०७९।८० वा आ.व.२०७८।०७९ को कर चुक्ता र आ.व.२०७९।०८० को लागि म्याद थप प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल वमोजिम शर्तको अधिनमा रही बिद्युतिय बोलपत्र आव्हान गरिएको छ ।

| सि.न | ठेक्का नं. | विवरण | उत्खनन/विक्री योग्य परिमाण (घ.फि) | न्युनतम ठेक्का अंक रु (भ्याट सहित) | बोलपत्र मुल्य (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४/राजश्व/केराबारी/२०८०।०८१ | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये, बुढी खोला र मुगु खोला अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | १६,०८,७६८ | १,२७,२५,३५४.८८ | ३,००० | E-biding |
| २ | ५/राजश्व/केराबारी/२०८०।०८१ | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये खदम खोला र हचुवा खोला अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | १,०५,१६,९६८ | ८,३१,८९,२१६.८८ | ५,००० | E-biding |
| ३ | ६/राजश्व/केराबारी/२०८०।०८१ | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु भलुवा-लोहन्द्रा खोला र तुर्के-विराजे खोला अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | ५६,०९,५२० | ४,४३,७१,३०३.२० | ५,००० | E-biding |

**नोटः नदीजन्य पदार्थ (ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा आदि) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रु.७।००, १ घ.मि. = ३५.२८ घ.फि.**

**शर्तहरु**

१. दर्ता भएका बोलपत्र मध्ये अधिकतम मुल्याङ्कित सारभूत रुपमा प्राभावग्राही बोलपत्र छनौट गरिनेछ ।

२. ठेक्का स्वीकृत भएको बोलपत्रदाताले सम्झौता गर्न अगावै ठेक्का रकम मु.अ. कर सहित एकमुष्ठ बुझाउनु पर्नेछ । एकमुष्ट रकम बुझाउदा मु.अ.कर वाहेकको रकममा १०% छुट दिइनेछ ।

३. प्रि-विड वैठक मितिः २०८०।०६।२१ गते केराबारी गाउँ कार्यपालिकाको कार्यालयमा दिनको १ बजे हुनेछ । इच्छुक बोलपत्रदाताले उक्त वैठकमा भाग लिई यस सम्बन्धि विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ ।

४. एकमुष्ट रकम जम्मा गर्न नसकिने भएमा कबोल गरेको मु.अ.कर सहितको रकमको ५०% रकम गाउँपालिकाको नामको सम्बन्धित खातामा जम्मा गरेको सक्कल भौचर र बाँकी ५० % रकमको हकमा सो रकम बराबारको बैंक जमानत सहित सम्झौता गर्न आउनुपर्नेछ । बैंक जमानत सम्झौता अन्त्य हुने मितिवाट थप ६० दिनको पेश गर्नुपर्नेछ ।

५. बाँकी रहेको (कबोल गरेको मु.अ.कर सहितको रकमको ५०%) रकम मध्ये २०८० माघ मसान्त भित्र २५% र २०८१ वैसाख मसान्त भित्र २५% मा केराबारी गाउँपालिकाको नाममा रहेको सम्बन्धीत खातामा जम्मा गर्नुपर्नेछ । अन्यथा नियमानुसार बैंक जमानत जफत गर्नका लागि प्रक्रिया अगाडी बढाइनेछ ।

६. E–bidding बोलपत्र फारम खरीद गर्न केराबारी गाउँपालिकाको एन.आइ.सि एसिया बैंकमा रहेको (ग.१.१. आन्तरिक राजश्व खाता केराबारी गाउँपालिका, खाता नं ०५६२०५६५०१४२३००२, राजश्व शिर्षक १४२२९, कार्यालय कोडः ८०१०११३१२) मा माथि उल्लेख भए अनुसारको रकम जम्मा गरी सो को भौचर स्क्यान गरी पेश गर्नुपर्नेछ । साथै बोलपत्रदाताले कबोल गरेको भ्याट सहितको अंकको ५ प्रतिशत रकम बोलपत्र जमानत बापत केराबारी गाउँपालिकाको एन.आइ.सि एसिया बैंकमा रहेको (ग.३. स्थानीय धरौटी खाता केराबारी गाउँपालिका, बैंक खाता नम्बर ०५६२०५६५०१४२३००८) मा जम्मा गरि उक्त भौचर वा मान्यता प्राप्त "क" वर्गको वैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन अवधी भएको बिडवन्ड पेश गर्नु पर्ने छ । साथै ५% बोलपत्र जमानतको रकम भ्याट सहितको कुल रकमको हुनुपर्नेछ तथा PPMO को वेभसाईट http://bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र बोलपत्र फारम http://bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिने छ ।

७. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेसम्म अनिवार्य online बोलपत्र दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्र दर्ता भएको दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

९. बोलपत्रदाताले http://bolpatra.gov.np/egp मा आवश्यक कागजात सहित कबोल रकम एकमुष्ट मु.अ.कर वाहेक प्रविष्ट गर्नुपर्नेछ । उक्त सिस्टमले मु.अ.कर स्वत गणना गरी मु.अ.कर सहितको कुल कबोल अंक देखाउनेछ ।

१०. बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिनेछ ।

११. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापत राखेको ५ प्रतिशत रकम गरि नियमानुसार प्रकृया अगाडी बढाइने छ ।

१२. छनौट भएको बोलपत्रदाताले कबोल गरेको भ्याट सहितको एकमुस्ट रकम यस कार्यालयको एन आईसी एसिया वैंकमा रहेको (ग.६.१ स्थानीय तह विभाज्य कोष खाता-केराबारी गाउँपालिका, खाता नं ०५६२०५६५०१४२३०१४) मा जम्मा गरी सो को सक्कल भौचर सहित सम्झौता गर्न आउनु पर्नेछ ।

१३. ठेक्काको अवधि सम्झौता मिति देखि २०८१ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ यदि तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप उत्खनन गर्न रोक लगाइने छ ।

१४. ठेक्का सम्झौता भइसकेपछि कुनै बन्द, हडताल वा कुनै मानव सिर्जित कारणबाट हुने अवरोध भएको भनि छुट माग गर्न पाइने छैन र सोही कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट, मिनाहा, माफि दिइने छैन ।

१५. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोके बमोजिमको दरले संकलन गर्नुपर्नेछ ।

१६. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१७. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

१९. बोलपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२०. नदी वा खोलाहरुमा उत्खनन तथा संकलन गर्दा हेभि इक्विप्मेन्ट प्रयोग सम्बन्धी व्यवस्था IEE प्रतिवेदन बमोजिम हुनेछ ।

२१. नदीजन्य पदार्थ उत्खन्न संकलन गर्दा प्राकृतिक धारा किनारा घाट, कुल कुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी IEE ले तोके बमोजिम मात्र ढुङ्गा, गिटी, बालुवा र भरौट उठाउन पाउनेछ ।

२२. नदिजन्य पदार्थ उत्खनन गर्दा नदीनालाको पुल तथा सडकको दायाँ बाँया उत्खन्नको हकमा IEE प्रतिवेदन बमोजिम हुनेछ ।

२३. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदीजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।

२४. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी पेश भएको बोलपत्र माथी कुनै कार्बाही गरिने छैन ।

२५. ठेक्का तयारी तथा यससँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनु पर्नेछ ।

२६. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२७. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२८. ठेक्का तथा विड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्रदाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

२९. यस सूचना भएका विषय यसै सूचना बमोजिम तथा उल्लेख नभएका विषयहरु केराबारी गाउँपालिकाको नदिजन्य पदार्थहरुको उत्खन्न, संकलन तथा विक्री मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन कार्यविधि, २०७८ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन ।

**केराबारी गाउँपालिका**